Volume 2, Number 1, Year 2026, Yugavani, ISSN: 2738-9685
युगवाणी (वर्ष २, अङ्क : १, वैशाख २०८३ )
विज्ञसमीक्षित, द्विभाषिक, अर्धवार्षिक अनुसन्धान जर्नल

# 'आमा' महाकाव्यमाथि विमर्श

**बालकृष्ण शर्मा[1*]**

**Balkrishna Sharma[1*]**

[1*] त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज, नेपाली विभाग
[*]Email: *balkrisnasharma746@gmail.com*
Article History: Received: *Jan. 15, 2026* *Revised: Feb. 22, 2026* *Accepted: June 01, 2026*

**लेखसार**

नेपाली महाकाव्य विधामा पूर्वीय साहित्य दर्शनको निकै प्रभाव परेको हुन्छ । शास्त्रीय मान्यताअनुसार रस, छन्द र अलङ्कारलाई मुख्य काव्य साधनाका अङ्गहरु मानिन्छन् । भरतमुनिदेखि भामहसम्मका पूर्वीय चिन्तकहरुले महाकाव्यलाई विशाल र अभूतपूर्व जीवनदर्शनको एक अङ्ग मानेका छन् । जसलाई साहित्यशास्त्रीहरुले अलङ्कारलाई बाह्य गुणसँग वा सौन्दर्यसँग तुलना गरेका छन् भने रस र छन्दलाई काव्यका आन्तरिक तथा सूक्ष्मरुपसँग नजिक ठहऱ्याएका छन् । यस सन्दर्भमा *मेरी आमा* महाकाव्य पूर्वीय जगत्को पर्याधारभित्र सञ्चालित भई काव्यमा प्रयुक्त भएको छ । आमालाई एउटा सानो परिवेश मात्र नठानी विशाल र ममतामयी खानीका रुपमा उनको गुणगन र महिमालाई देखाउन खोजिएको छ । यस काव्यमा आमाद्वारा जन्म, विवाह, वृहस्थाश्रम तथा विभिन्न कर्महरुलाई एकैसाथ आमाको जिन्दगीमा समाहित गराउन खोज्नु महाकाव्यको मुख्य उद्देश्य रहेको छ । विशेष गरी यस महाकाव्यको अध्ययनको क्रममा वर्णनात्मक र विवरणात्मक विषयवस्तुलाई अँगाल्दै पुस्तकालयीय स्रोतसामग्रीहरुको सङ्कलन र विश्लेषण गर्दै कृतिपरक ढङ्गबाट आमा महाकाव्यको विश्लेषण गरिएको छ । विशेषगरी रस, छन्द, अलङ्कार, विम्ब, प्रतीकजस्ता तत्त्वहरुलाई अङ्गीकृत मान्दै आमा महाकाव्यमा समग्र विश्वकी आमा नेपाल आमालाई समेत चरितार्थ गर्न खोजिएको छ ।

**शब्दकुञ्जी :** काव्यहेतु, प्रतिभा, समीक्षा, सम्प्रेषण, दर्शन ।

## विषयपरिचय

बुद्धिप्रसाद शर्मा रेग्मी (२०००) नेपाली महाकाव्य लेखनका नवीनतम व्यक्तित्व हुन् । सल्यान जिल्ला बडागाउँ गाविस हाल कुमाख गाउँपालिका वडा नं. ६ मा जन्म भई कला तथा शिक्षाशास्त्रमा स्नातकसम्म अध्ययन गरेका र संस्कृत साहित्यमा विशेष अभिरुचि राख्ने पुरणवाचक प्रस्तोताको रुपमा पनि परिचित छन् । लामो समयसम्म अध्यापन पेसामा आबद्ध रेग्मीका पिताको नाम हरिप्रसाद शर्मा र माताको नाम तुलसी शर्मा हो । दुई छोरा र पाँच छोरी सन्तान प्राप्त गरेका रेग्मीले माध्यमिक तहसम्मको अध्यापन गर्दै शिक्षण पेसामा आबद्ध व्यक्तित्व हुन् ।

बुद्धिप्रसाद रेग्मीले रचना गरेका काव्यकृतिमा पाइने मुख्य विशेषताहरु मानवतावाद, राष्ट्रिय स्वाभिमान, आदर्शवाद, नैतिकता र पूर्वीय चिन्तनमा जोड दिनु रहेको छ । राजनीतिक विकृति र सामाजिक विभेदको अन्त्य गर्दै असल संस्कृतिको चिन्तन गर्नु उनको अर्को विशेषता हो । ऐतिहासिक सन्दर्भलाई छोटो रुपमा प्रस्तुत गर्नु उनको अर्को काव्य वैशिष्ट्य हो । वैदिक सभ्यता र श्रीमद भक्तिभावलाई प्रस्तुत गर्नु पनि उनको अर्को सैद्धान्तिक मान्यता मानिन्छ । उनका महाकाव्यमा तत्सम, तदभव र कम मात्रामा आगन्तुक शब्दहरुको प्रयोग भएको देखिन्छ । सुललित प्रस्तुति,

मृदुल भाव र व्यञ्जनायुक्त भाषाशैलीको अधिक मात्रामा प्रयोग गर्नु रेग्मीको काव्यशैली देखिन्छ ।

यसरी कवि बुद्धिप्रसाद शर्मा रेग्मीले आफ्ना रचनाका भावनात्मक सामाजिक एकता र सभ्यताको कसीमा कलम चलाउने प्रयास गरेका छन् । अलङ्कार योजना, रसाभिव्यक्तिमा आधिक्य तथा गुण र रीतिको पनि प्रयोग गर्दै काव्यलेखन निकै सुन्दर बनाएका छन् ।

### अध्ययनविधि

यस महाकाव्यको समग्रमा अध्ययन गर्दा पूर्वीय जगत्लाई मुख्य आधार बनाएको छ भने कतिपय ठाउँमा नवीनतम विषयवस्तुलाई प्रस्तुत गरेका छन. । महाकाव्यकार रेग्मीले महाकाव्यका पूर्वीय संरचनागत पक्षहरुलाई एकीकृत गर्दै भाषिक सुन्दरता काव्यिक नवीनता र आदर्श भावलाई प्रस्तुत गरेको हुनाले यो अध्ययन नितान्त आध्यात्मिक चिन्तन र समग्रमा वैदिक चिन्तनको अध्ययनलाई केन्द्रीय विषयवस्तु मानिएको छ ।

मूलतः यस महाकाव्यको अध्ययन गर्दा पुस्तकालयीय विधि र अन्तर्वार्तासहित आवश्यक मात्रामा प्रारम्भिक अध्ययन विधि र आन्तरिक अध्ययनविधिलाई पनि ध्यान दिइएको छ। मूलतः सैद्धान्तिक अध्ययन गर्दा पूर्वीय आचार्यहरुको विचार वा भावलाई प्रस्तुत गरिएको हुनाले प्राथमिक अध्ययन विधि अँगालिएको छ ।

### सैद्धान्तिक पर्याधार

यस महाकाव्यको सैद्धान्तिक अध्ययन गर्दा पूर्वीय दर्शनलाई केन्द्रविन्दु मानिएको छ। जसमा रस, छन्द, अलङ्कार, विम्ब, प्रतीक र विभिन्न शब्दशक्तिहरुको उपयोगितालाई हेरिएको छ । खासगरी पूर्वीय मान्यता अनुसार महाकाव्यलाई बृहत् काव्यको स्वरुपको रुपमा स्वीकार गरिन्छ । विशाल ब्रह्माण्डको अध्ययनदेखि सूक्ष्म जीवाणुसम्मका वस्तुहरुलाई सूक्ष्मरुपमा अध्ययन गरी जीवनपर्यायका रुपमा त्यसको गुण र महत्त्वलाई देखाउन खोज्नु महाकाव्यको मूल मर्म मानिन्छ। पूर्वीय आचार्यहरुले महाकाव्य निर्माणको लागि मङ्गलाचरण, सर्गबन्ध योजना, सर्ग, अध्याय तथा उत्तरार्धमा त्यसको निष्कर्षसहित जीवनजगत्को वास्तिकतालाई उजागर गर्दै जीवनको दर्पण देखाइएको हुन्छ । धर्म, अर्थ, काम, मोक्षजस्ता चार पुरुषार्थ, चार आश्रम, पञ्चतत्व, पञ्चतन मात्राजस्ता भगवत गीताका सैद्धान्तिक मान्यताहरु *मेरी आमा* महाकाव्यमा रहेका छन्। कवि र लेखकहरुले आफ्ना कृतिमा समकालीनता र समयसन्दर्भमा विभिन्न तरिकाहरु अपनाउँछन् । लेखकहरुले समकालीन समाजका मुख्य मुद्दाहरु उठाएजस्तै पहिचानका कुरा, लैङ्गिक समानता, नारीवादको महत्त्व, मातृशक्तिको परिकल्पना, विज्ञानको विकास, पर्यावरणीय सङ्कटलाई आफ्नो कृतिमा समावेश गर्दछन् । यसले पाठकलाई समस्याको बारेमा सोच्न बाध्य बनाएको हुन्छ । नयाँ शब्दावली र वाक्य बनोटको प्रयोग गर्दा कृतिमा ताजगी ल्याउँछ ( प्रकाशकीय, नारी संसार, २०८१) ।

यस सन्दर्भमा *मेरी आमा* महाकाव्यले पनि समयसन्दर्भलाई जोड्ने काम गरेको छ। आमाको माध्यमबाट सृष्टिको रचना, सृष्टि सञ्चालन र विकृति र विसङ्गतिको विपक्षमा सोझै आमा उभिएर खडा भएको सन्दर्भलाई प्रतीकात्मक रुपमा महाकालीको रुप प्रस्तुत गर्दै महाकाव्यलाई जीवन्त बनाइएको छ। वास्तवमा पूर्वीय दर्शनले पनि सुरअसुर, विजयपराजय, सत्यअसत्य आदि एकअर्काका अन्तरविषयलाई कोट्याउँदै समग्रमा मानवजीवन यसैसँग प्रवाहित हुन्छ भन्ने कुरा महाकाव्यले प्रस्तुत गरेको हुन्छ । विषयवस्तु सानो तर भाव र शैली विशिष्ट किसिमको पैदा गर्नु काव्यप्रतिभाको अर्को महत्त्वपूर्ण गुण मानिन्छ । त्यसैले पूर्वीय जगत्का साहित्यशास्त्रीहरुले प्रतिभा, व्यत्पत्ति र अभ्यासलाई काव्यहेतुका मूल कारकतत्व मानेका छन् ।

### छलफल तथा विश्लेषण

बुद्धिप्रसाद शर्मा रेग्मीको *मेरी आमा* महाकाव्यमा काव्यतत्त्वका आधारमा निम्नानुसार अध्ययन गरिएको छ :

### आरम्भ

नेपाली काव्यलेखनको ऐतिहासिक समयावधि लगभग दुई वर्षसम्म मात्र गज्रिरहेको छ। यति छोटो समयको कालखण्डमा अनेक रुप र प्रवृत्तिलाई पछ्याउँदै

कविताको बृहत्तर रुप महाकाव्यको पनि व्यापक चर्चा हुने गरेको छ । यसै क्रममा नेपाली साहित्याकाशमा उदाएको समीक्षा कृति मेरी आमा (२०७९) ले नौलो र नितान्त अध्यात्म भावलाई समेटेको छ । मेर आमा महाकाव्यले नेपाली काव्यसाहित्यको इतिहासलाई हेर्दा भानुपूर्व भानुयुग, मोतीराम युग, आधुनिक युग हुँदै उत्तरआधुनिकताले प्रवेश गरिसकेको अवस्थामा पनि यस महाकाव्यले आफ्नो स्वरुप र अवस्थालाई प्रस्तुत गरेको छ ।

**मेरी आमा महाकाव्यको संरचना**

सर्ग एकदेखि सर्ग दशसम्म प्रयुक्त यस महाकाव्यले पूर्वीय आदर्श र भक्तिभावबाट यो महाकाव्य केन्द्रित रहेको छ । अध्याय शीर्षक र पृष्ठ सङ्ख्यालाई हेर्दा हरेक अनुच्छेद र सर्गहरु पूर्वीय काव्यसंरचनामा संरचित रहेका छन् । पहिलो सर्गमा नै मङ्गलाचरण राखिएकोले महाकाव्यलाई निकै नवीन संरचनाले प्रभावित पारेको छ । सबै श्लोकहरु मङ्गलाचरणका अति तीव्र वेगी प्रस्तुति पाउन सकिन्छ । सर्वप्रथम श्री गणेशको मङ्गलाचरण राखिएको छ :

सिन्दुर दुर्वादलले पुजेका
सर्वोच्च सिंहासनमा बसेका
सर्वत्र सम्पूजित एकदन्त
मिल्काइद्यौ विघ्नहरु समस्त (सर्ग, प्रथम, २ श्लोक-१)

यसैगरी यस महाकाव्यको सर्ग विषयसूचीको संरचना यसरी देखाइन्छ :

सर्ग १ : मङ्गलाचरण तथा कविको निवेदन
सर्ग २ : आमाको जन्म र विवाह
सर्ग ३ : मेरो जन्म र बाल्यकाल
सर्ग ४ : मेरो जन्मस्थली र युवावस्था
सर्ग ५ : आमा र म
सर्ग ६ : आमाको सपना
सर्ग ७ : आमाको गार्हस्थ जीवन
सर्ग ८ : आमाको स्वर्गारोहण
सर्ग ९ : आमाको महिमा
सर्ग १० : उपसंहार

यसरी माथिका शीर्षकहरुका आधारमा मेरी आमा महाकाव्यको संरचनाको अवस्था देखा परेको छ । १६० पृष्ठको यस पुस्तकाकारको कृति देखा परेकोले यसको अस्तित्व रहेको छ । विशेषत: महाकाव्य कलामा पाइने भाषिक र संरचनात्मक बनोटको कारण यस महाकाव्यले नौलो आयाम थपेको छ । मेरी आमा महाकाव्यमा जम्मा १४४ श्लोकहरु रहेका छन् । हरेक सर्गमा समान सङ्ख्यामा समान श्लोक भने छैनन् । प्रत्येक श्लोकका संरचनात्मक सङ्गठन र अवयवहरु निकै उपयुक्त देखिन्छन् । उपसंहारका श्लोकहरुले आफूले भोगेको र अनुभव गरेको विषयलाई आफ्नै शैली र शील्पको प्रयोग गरी सरल भाषामा अभिव्यक्त गरेका छन् । वार्णिक छन्दमा लेखिएकोले हरेक श्लोकमा फरक फरक विचार प्रवाहित भएका छन् ।

खास गरी संरचनात्मक हिसाबले मेरी आमा महाकाव्य संस्कृत काव्यशास्त्रकै आधारमा संरचित रहेको छ । शिखरिणी, भुजङ्ग्रयात, मन्दाक्रान्ता, वसन्ततिलका, स्रग्धारा, शार्दुदविक्रीडित, अनुष्टूप, मालिनी, वंशस्थजस्ता छन्दहरु प्रयोग गरिएका छन् । सर्गहरुको आरम्भमा गणेश, पर्वती, शिव, सरस्वती, ब्रह्मा, आत्मा, पिताजस्ता नामहरुको स्मरण गर्दै काव्यमा मङ्गलकामना गरिएको छ ।

धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थ गुणहरु कुनै एक पक्षको केन्द्रीयतामा महाकाव्य लेखिनु पर्छ भन्ने नियमअनुसार यी गुणहरुको पनि सम्यक् प्रयोग भएको छ । जीवन र जगत्को विशिष्ट प्रस्तुति गर्नु यो महाकाव्य आफैमा नौलो मानिन्छ ।

**दार्शनिक पक्ष**

दर्शनको महाकाव्यमा व्यापक प्रयोग भएको हुन्छ । त्यसैले कविले आफ्नी आमाको जन्म र विवाह भएको पूर्व कल्पना गर्दै मातृस्नेहले अदृश्यरुपमा आफू नजन्मिएको बेला पनि आमाकै ममतामयी रसले आलोकित भएको जीवनदर्शनलाई कविले यसरी प्रस्तुत गरेका छन् :

बसेर गर्भान्तरमा निकै दिन
सहेर माना बलिया प्रपीडन

कबोल गर्दै प्रभुका सँगसँगै
झरिन् धरामा नवबालिका कुनै

(सर्ग : ३, पृ.१३)

मातृवियोगले आफू निकै आघात भएको र तत्कालीन समयमा आमाको अभावले सारा जगत् अँध्यारो भएको वास्तविकतालाई यहाँ प्रस्तुत गरेका छन् :

भए सबै मातृवियोग सन्तति
उडेर जाँदा घरबाट नौमति
डबेर शोकार्णव भित्र छट्पट
गरिरहन्थेँ सबले अपर्झट ॥

(सर्ग : तेस्रो, पृ.१९)

### राष्ट्रिय जागरणको सन्देश

मेरी आमा महाकाव्यमा जीवनका विभिन्न पात्रहरुलाई हेर्दै खोतल्दै र केलाउने प्रयास पनि गरिएको छ । मानव जीवनका चक्रलाई घाम, पानी, हावा, शीतल, गर्मीजस्तै जीवनका आशा, उत्साह, उमङ्ग, जाँगरजस्ता सुन्दर पक्षलाई पनि कोट्याउने प्रयास गरिएको छ :

नारी जात लिई त्रिशूल खुकरी भालाहरु चम्चम
पापी कामुक चण्डमुण्डहरुका ती माथ छप्काउन
नारी शक्ति अजेय हुन्छ जगमा अनयायमा गर्जिने
काली वा रणचण्डिका सरह नै संसार थर्काउने ।

(सर्ग : ९, श्लोक १०१)

यसरी नारी शक्तिको महिमालाई देखाउँदै राष्ट्रिय भाव र देशभक्तिको भावनालाई वीरतापूर्वक अगाडि बढ्न सन्देश दिएका छन् । उनले दिएको सन्देशलाई पनि मातृशक्तिको दृष्टिकोणबाट महाकाव्यलाई देखाउने प्रयास गरेका छन् ।

### समसामयिक विकृति र विसङ्गति व्यङ्ग्य

विवेच्य महाकाव्यमा समसामयिक नेपाली समाजका विकृति र विसङ्गति, कुरीति, कुप्रथाजस्ता खराब प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य गरिएका छन् ।

### आध्यात्म दर्शनको प्रभाव

यस महाकाव्यमा आध्यात्मिक चिन्तन प्रस्तुत गर्दै कविले ईश्वर, प्रकृति, मानव र श्रृष्टिको उत्पत्तिसम्बन्धी आध्यात्मिक चिन्तनलाई दृष्टिगत गर्दै तल उल्लेख गरेका छन् :

प्रसन्न भै श्री परब्रह्मा ईश्वर
कृपा भयो नौमतीमाथि सत्वर
शुभांश लग्नोदयमा कुनै दिन
गरिन् उनीले स्वगर्भधारण ॥

(सर्ग : २, श्लोक ५)

यसरी श्रृष्टि र यसको पालन गर्ने परंब्रह्मा ईश्वरीय सत्तामाथि पूर्ण विश्वास राख्दै आध्यात्मिक चिन्तनलाई कविले सूक्ष्म ढङ्गले व्याख्या गरेका छन् । यहाँ नेपाली समाजका लोकसंस्कृति र परम्परालाई चिनाउँदै स्थानीय र मौलिकतालाई प्रदर्शन गर्दै महाकाव्यमा जीवन्त बनाउने काम गरेका छन् ।

### प्रकृतिको मानवीकरण

प्रकृतिलाई नै केन्द्रविन्दु मानेर यस महाकाव्यमा प्रकृतिको मानवीकरण गरिएको छ । प्रकृति र आमालाई एउटै समदृष्टिमा राखी महाकाव्यको केन्द्रीय भाव प्रकृति र आमा एकअर्काका परिपुरक हुन् भन्ने कुरालाई दृष्टिगत गरिएको छ :

छ ओठमा सुन्दर मुस्कुराहट
छ चित्तमा ईश्वर सर्वव्यापक
छ सोचमा लोक परोपकारिता
छ देहमा यौवन माधुरी लता ।

(सर्ग २, श्लोक ४९)

### शैशवावस्थाको मर्मस्पर्शी चित्रण

मेरी आमा महाकाव्यमा आफू बाल्यकाल हुँदाको समयमा गरेका अविष्मरणीय क्षण, आमासँगको माया र प्रेम तथा मातृत्व शक्ति कति छ भन्ने कुरा यस महाकाव्यले स्पष्ट पारेको छ । जस्तै :

राखेर मैले तिमीलाई काख

पिलाउँदा दुध प्रसन्न साथ
अपूर्व आनन्द कुदेर आई
विभोर हुन्थेँ म बडो रमाई ।

(सर्ग ३, श्लोक २)

यसरी आमाको दुध पिउँदा आफू निकै हर्षविभोर भएको काल्पनिक अनुभूतिजन्य कुरालाई यसमा प्रकट गरिएको छ :

मार्जार गोमायु मृगादिनाना
दृष्टि तथा वानरको बथान
गम्भीर छायान्तरभित्र आई
विश्राम गर्छन् बहुतै रमाई ।

(सर्ग ४, पृ.४०)

यस अंशमा कविले पर्यावरण र शैशवावस्थाको एकै साथ चित्रण गर्दै पूर्वस्मृतिको सुन्दर बयान गरेका छन् । यसमा उनले बालकृडा र मामासँगको मातृत्व निकटताको बयान गरेका छन् ।

**क्षणिक जीवनको चर्चा**

यस विवेच्य महाकाव्यमा मृत्यु अजेय रहेको छ भन्ने कुरालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । मानिस कोही पनि मर्न चाहँदैन तर पनि नमरी छोड्दैन, जन्मेपछि मृत्यु हुन्छ तर जीवनको रहस्य र वास्तविकता थाहा नपाएका मानिसहरुले कहिल्यै पनि नमरुला भनी दम्ब गरेको कुरालाई यस महाकाव्यमा प्रस्तुत गरिएको छ । अनादिकालदेखि मानिसले काललाई जित्न सक्दैन । भविष्यमा पनि मानिसले मृत्युलाई जित्न सक्दैन । यसकारण जन्मनु र मर्नु जीवनका शाश्वत सत्य हुन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

**विविध रसको प्रयोग**

मेरी आमा महाकाव्यमा मुख्य रुपमा नवरसहरुको प्रयोग गरिएको छ भने त्यसको समुचित प्रयोग गर्दै शान्त, शृङ्गार, हास्य, करुणाजस्ता रसहरुको सबैभन्दा बढी प्रयोग गरिएको छ । पूर्वीय मान्यता अनुसार नै यसमा महाकाव्यमा शान्तरसलाई प्रधान रस मानिएको छ । जस्तैः

**शान्तरस**

हे कृष्ण मैला मनको पाली
प्रज्ञानको ज्योति धपक्क बाली
मेरै गरी यो मनमा निवास
देऊ मलाई पथमा प्रकाशन ।

(सर्ग १, श्लोक २)

**भयानकरस**

यौद्धा लडानु बल पौरख शक्तिशाली
ती वीर रण कौशल कौरवादी
गर्दा अनादर सभा स्थल द्रौपदीको
स्वाहा भयो विपुल कौरव सैन्य ठुलो । (९ सर्ग, २ श्लोक)

**वीररस**

नारी हो अब जाग जाग रणमा अन्याय उत्पीडन
अत्याचर थिचोमिचोहरु बडा कुण्ठाघना ताडना
गर्दै ती सबको विरोध बलिया कोही नमानी भय
लड्नै पर्दछ मिल्छ आखिर गई त्यो सिद्दि वा त्यो जय ।

यसरी यस पङ्क्तिमा नारीमाथि हुने अन्याय अत्याचार विभेद र नारीमाथि हुने तमाम शोषण र दमनको विरोध गर्दै समतामूलक समाजको अपेक्षा राखिएको छ ।

**करुणरस**

यस महाकाव्यमा दुख, पिर र चिन्ताको पूर्व बाल्यावस्थामा आफूले पाएका अनेकौं कष्ट र व्यथाहरुको वास्तविक चित्र तलको पङ्क्तिबाट स्पष्टरुपमा देख्न सकिन्छ :

डुब्दै छ सागरविषे अब यो जहाज
गाह्रो छ उम्कन हरे हुन गो फसाद
भित्रै भयो हृदय खल्बल हाय हाय
देखिन्न केही मनमा जिउने उपाय ।

यसरी यहाँ करुणभावलाई देखाउने प्रयास गरिएको छ ।

पौरस्त्य महाकव्यीय सैद्धान्तिक मूल्य र मान्यताअनुसार ऐतिहासिक पृष्ठभूमि भएको क्षेत्रीय क्लोत्पन्न, धीर, कुलीन पात्रको चयन गरी यसकै

केन्द्रियतामा महाकाव्यका यावत विषयवस्तुलाई व्यवस्थित गर्नुपर्ने जुन मान्यता छ त्यसको पक्षपोषण यसमा गरिएको छ ।

यहाँ विपक्षी पात्र वा चरित्रको व्यवस्थापन नभएका कारण बाह्य भौतिक द्वन्द्वको अवस्था नदेखिए तापनि प्रमुख पात्रहरुमा आन्तरिक द्वन्द्व यसमा देखाइएको छ ।

उपर्युक्त महाकाव्यमा पात्र स्वयं 'आमा'लाई केन्द्रीय पात्रका रुपमा उभ्याएका छन् भने यस महाकाव्यमा नाटकीयता, रहस्यमयता, उक्तिवैचिŒयताजस्ता गुणहरुले प्रयुक्त भएको छ । प्रकृतिका यावत् कुरा पहाड, जङ्गल, खोला, नाला, ग्रहगोचर, कृषि, भूगोल, धारा, पाटी, खेत, खलियानजस्ता परिवेशको चित्रण गरिएको छ ।

रस प्रयोगको दृष्टिले पनि यस महाकाव्यमा शान्तरस अङ्गीरसका रुपमा र शृङ्गार, करुण, वीर, बीभत्स, अद्भुत आदि रसहरु अङ्गीरसका रुपमा आएका छन् । रस प्रयोगको दृष्टिले शब्दमाधुर्य र दृश्यमाधुर्यको अत्यधिक प्रयोग गर्दै शब्दालङ्कार र अर्थालङ्कारको पनि समुचित प्रयोग गरेका छन् ।

**अलङ्कारका कोणबाट मेरी आमा महाकाव्य**

मेरी आमा महाकाव्यमा शब्दालङ्कार र अर्थालङ्कारका विभिन्न भेदहरु समावेश भएको हुनाले आलङ्कारिकता र सौन्दर्यता प्रचूर रुपमा प्रयुक्त भएको देखिन्छ । शब्दालङ्कारभित्र अनुप्रासका पाँच वटा भेदहरु रहेका छन् भने श्रुत्यानुप्रास, लाटानुप्रास, वृत्यानुप्रासजस्ता अनुप्रासहरु रहेका छन् । त्यसैगरी श्लेष अलङ्कारको उपस्थितिले गर्दा काव्यका ठाउँठाउँमा सौन्दर्य थप्ने काम भएको छ । जस्तै :

अग्ला थिए कटुसका रुखकै अगाडि
अम्बा र आरु तिमिलीहरु क्यै पछाडि
पल्लो किनारतिरका- फल तिन्दु खाई
नाच्थे चराहरु मनोहर गीत गाई । (सर्ग ७, श्लोक ७०)

**यमक अलङ्कार**

बोकेर पानी गगनावकाश
घुम्ने उभो सुन्दर मेघजाल । (सर्ग ७, श्लोक १३)

**उपमा अलङ्कार**

आनन्दभावोदयमा रमाई
घुम्दै हवाभैँ मन यो नचाई
भूव्योम पाताल सबै चहारी
फर्कन्छु आफ्नै स्थलमा पछाडि ।

**रुपमक अलङ्कार**

पारी छ फुर्चे वन वृक्षघारी
बारी अमिलो बवन शालघारी
खोली बगेकी बिचमा सलल्ल
शोभा खुलेको बहुतै भ्रूभ्रूल्ल । (सर्ग ४, श्लोक ३३)

**दृष्टान्त अलङ्कार**

उदाहरणसहित प्रस्तुत गरिने अलङ्कारलाई दृष्टान्त अलङ्कार भनिन्छ । यस अलङ्कारमा कुनै कुराको उदाहरणसहित पुष्टि गरिन्छ । जस्तै :

आनन्द उत्साह अपूर्व स्नेहता
वैऱ्याउँदै प्रेम दया प्रशन्नता
छातासरी ओत दिने उनै पिता
छाया दिने शीतल वृक्षभैँ पिता । (सर्ग ५, श्लोक ३३)

**निष्कर्ष**

यसरी प्रस्तुत मेरी आमा महाकाव्यमा नौ वटै रसहरुको उपयुक्त प्रयोग गरिएको छ । विशेषतः शान्तरसमा केन्द्रित भएकोले महाकाव्यको सरलता, सुन्दरता र सौन्दर्यता प्रकट भएको छ । धेरैजसो श्लोकहरुमा तत्सम र तद्भव शब्दहरु समुचित प्रयोग भएको छ । शास्त्रीय छन्दलाई नियमपूर्वक पालना गरिएको छ । पूर्वीय दर्शनको सिद्धान्तअनुसार महाकाव्यमा हुने गुणहरु यस महाकाव्यमा पाइन्छन् । जस्तै वीर, धिरर चार पुरुषार्थ भएको कुनै पात्रको प्रयोग प्रकृतिको सौन्दर्यको वर्णन, बाल्यकालको अविष्मरणीय क्षण र बाँचिरहेको जिन्दगीमा आफ्नो नितान्त अनुभूतिलाई प्रकट गरिएको छ । मिठो काव्यकलाको

उद्गम विन्दु छन्द भएकोले प्रायः शार्दुलविक्रीडित, वंशस्थ, दृष्टान्तजस्ता अलङ्कार र शास्त्रीय छन्दहरुको प्रयोग गर्दै आमाको ममतालाई महत्त्वका साथ हेरिएको छ । जीवन र जगत्का क्षणिक भोगाई आमाको निस्वार्थ प्रेम र मानवतालाई एकैसाथ प्रस्तुत गरिएको छ। महाकाव्यका हरेक पक्षमा कविले जोड दिएका छन् । प्रकृतिलाई मानवीकरण गर्दै अन्तिममा नारी र पुरुष जीवनका अभिन्न अङ्ग हुन् भन्दै आमाको सिर्जनात्मक शक्तिलाई बदल्न सक्ने गौरव यस महाकाव्यमा पाउन सकिन्छ ।

**सन्दर्भसामग्री**

शर्मा, बुद्धिप्रसाद (२०७९), *मेरी आमा,* काठमाडौँ : आकृति प्रकाशन ।

शर्मा, मोहनराज (२०६३), *समाकालीन समालोचना सिद्धान्त र प्रयोग,* (दोस्रो संस्क.), काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०५९), *साहित्यको इतिहास सिद्धान्तर सन्दर्भ,* काठमाडौँ त्रिकोण प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७३), *समकालीन नेपाली साहित्य,* काठमाडौँ : पाठ्यसामग्री पसल ।